# रोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कटुन्जेवेशी, काभ्रेपलाञ्चोक

## प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०४/२०

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं २०७७/७८, च.नं. २३, मिति २०७७/०४/१२ गतेको पत्रानुसार यस रोशी गाउँपालीकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनहुन अनुरोध छ ।

| क.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

**१. योग्यता र अनुभवः**

क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उर्तीण भएको।

ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

(ग) **उमेरः** १८ वर्ष पुरा भै ४५ वर्ष ननाघेको ।

२. **दरखास्त दिने स्थान** : रोशी गाउँपालिकाको कार्यालय ।

३. **दरखास्त दिने अन्तिम मिति** : २०७७/०५/०३ गते कार्यालय समय भित्र ।

४. **आवेदन दस्तुरः** रु १००० मात्र ।

५. **छनौटको किसिमः** प्ररम्भिक योग्यताक्रमको सूची प्रकाशन र ५० पुर्णाङ्को सेवा सम्बन्धी विषय र ५० पुर्णाङ्को कम्प्युटर सम्बन्धी विषयको लिखित परीक्षा तथा अर्न्तवार्ता ।

६. **आवेदन साथ संलग्न हुनुपर्ने कागजातहरुः** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, न्युनतम शैक्षिक योग्यताको लाब्धाङ्कप्रमाणपत्रको प्रतिलिपी (नेपाल बाहिरको प्रमाणपत्र भए नेपालको विश्वविद्यालय बाट समकक्षता निर्धारण गरिएको प्रमाण), चारित्रिक प्रमाणपत्र, कार्य अनुभव खुल्ने प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र २ प्रति पासपोर्ट आकारको फोटो ।

७. **सेवा सुविधाः** गाँउपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (११), (१२), (१३) अनुसार ।

८. **कार्य विवरणः** गाँउपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (९) बमोजिम ।

९. अन्य जानकारीको लागि यस गाउँपालिकाको कार्यालय वा ९८५१२०१९३७ मा सम्पर्क राख्न सक्नुहुनेछ ।

**नोटः आवेदनको ढाँचा, पाठ्यक्रम तथा कार्यविवरणको जानकारीका लागि** www.roshimun.gov.np **वा** www.pmep.gov.np **मा उपलब्ध हनेछ ।**